दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक १८४ | बुटवल | २०८१ असार १७, गते सोमबार | नेपाल संवत ११४४ | Monday July 01, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


# पहिरोले पुरेको विमलका सपना

आचार्य प्रदीप

बुटवल

विपद् कतिबेला आउँछ वा कस्तो रुपमा आउँछ भन्ने थाहा छैन । तर सम्भावित जोखिमको बारेमा आँकलन गर्न सकिन्छ । यस वर्ष धेरै वर्षा हुने जल तथा मौसम विज्ञान विभागले आँकलन गरेको छ । विभागका अनुसार, औषत भन्दा २५ देखि ४५ प्रतिशत बढी वर्षा हुने आँकलन छ । यस्तो बेला बाढी पहिरोको जोखिम हुने भएकोले सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभागले अनुरोध गरेको छ ।

शुक्रबार राति छोटो समयमा धेरै वर्षा भयो । भारी वर्षासँगै गएको पहिरोले गुल्मीको मालिका–६ अर्जैका भेषबहादुर बिकको घर पुरिँदा उनसहित पाँच जनाले ज्यान गुमाए । परिवारको लालनपालनको लागि परदेशिएका तीन छोरा बाँचे । तर उनीहरुले भोगेको विपत्तिको पीडा धेरै छ ।

स्वदेशमा काम गरी परिवार पाल्न नसक्ने भएपछि घरको जेठो सन्तान विमल भारत गए । त्यहाँ गएर काम गर्नथाले । विवाह गरेर श्रीमतीलाई बाबु आमासँगै राखे । दुई छोरीहरु जन्मे । माइलो भाइको पनि विवाह गरिदिए, अनि उनलाई सँगै लिएर भारत गए । त्यसपछि कान्छो भाइलाई समेत लिएर भारत गए । तीन भाइको मजदुरीले परिवार राम्रै चलेको थियो । उनलाई लागेको थियो, दुःखका दिन सकिए । हजारौं सुन्दर सपना झल्झली अगाडि आउन थाले । तीन भाइ रोजगारीमा जम्न थालेपछि आत्मबल पनि बढ्दै थियो ।

असार १५ गते बिहानको दर्दनाक घटनाले विमलका सबै सपना खरानी भएका छन् । १४ गते राती सुत्ने बेलामा श्रीमती र छोरीहरुसँग भिडियोकल गरेर सुतेका उनले परिवारै सखाप भएको समाचार सुने ।

उनी छाँगोबाट खसेजस्तै भए । उनले नाम मिल्ने कोही होला भनेर बुझ्न मात्रै खोजेका थिए, उनको नेपालमा रहेकी बहिनीले रुँदै फोन गरिन् । उनले दाइ विमलसँग भनिन्-'मेरो माइती सकियो दाइ, हामी टुहुरा भयौं । कोही पनि रहनुभएन् ।' उनी सम्हालिन सकेनन् । यत्तिकैमा उनका भाइ तथा बुहारीले थाहा पाए । उनीहरुको आँखामा अन्धकार छायो ।

केही घण्टा अगाडि हेरिरहेका परिवार पहिरोले गर्दा कहिल्यै भेट नहुनेगरी मृत्युको मुखमा पुगे । उनीहरु चार जना नै तुरुन्तै नेपालको लागि आए । उनीहरुलाई घर नपुग्दासम्म घर र घरमा रहेका आफ्ना परिवारको अवस्थाको बारेमा निकै चिन्ता लागिरहेको थियो ।

घरको जेठो सन्तान विमलको सिंगो परिवार नै काँधमा आएको छ । साथै आफूलाई जन्मदिने बुवाआमा गुमाउन पुगेका छन् । आफ्नो जीवनसंगीनि तथा आफ्नो ८ वर्षकी छोरी ८ महिनाकी नवजात शिशु छोरी गुमाउनु परेको छ । जोसँग जीवन कटाउने र जसको भविष्य राम्रो बनाउला भनेर भारतमा रोजगारीको लागि गएका थिए, उनीहरु नै जीवित रहेनन् ।





**घर पुग्दा निकै अत्तालिए विमल**

कहिले के कहिले के माध्यम प्रयोग गर्दै जेनतेन साँझसम्म घरमा पुग्दा उनको न घर रहेको थियो । त्यहाँ माटोको थुप्रो मात्रै रहेको थियो भने परिवारका सदस्यहरु ब्लाकेटले ढाकेर राखिएका थिए । बिहानैदेखि स्थानीय, सुरक्षाकर्मीलगायतको सहभागितामा उद्धार गरी शव निकालिएको थियो । कहाँ बस्ने कसरी सम्हालिने भन्ने सम्ममा अझै अन्यौलताका साथमा छिमेकीको घरमा बसे । न त कसैलाई निद्रा लाग्यो न त केही ।

**अबोध शिशुलाई माटोमुनी पुर्दा भावुक्वीत भए विमल**

जेठो छोरा हुनुको नाताले बुवा आमाको दागवत्ती दिए । लगत्तै श्रीमती र त्यो नाबालिका ८ वर्षे छोरीलाई लगातार दागवत्ती दिँदा आँखाबाट उनका आँशुहरु तरतरी चुहिरहेका थिए । उनी यत्तिमै सम्हालिन पाएनन् ।

बाँकी थियो कान्छी छोरी त्यो पनि ८ महिनाको । जसलाई जलाउन नमिल्ने भएपछि माटोमुनी गाड्नु पर्ने । यस्तो सहन कसैलाई नपरोस् भन्दै भक्कानिदै थिए, उनी । उनीसँगै माइला भाइ २२ वर्षीय कृष्ण र कान्छो भाइ १८ वर्षीय सुवास पनि क्रिया बसेका छन् ।

## मृतकको दाहसंस्कार

प्रेम सुनार

*गुल्मी*

शुक्रबार रातिको अविरल वर्षासँगै माथिबाट झरेको पहिरोले घर बगाएर ज्यान गुमाएका गुल्मीका एकै परिवारका पाँच जनाको आइतवार फूलवारी घाटमा लहरै दाहसंस्कार गरिएको छ । मालिका गाउँपालिका- ६ अर्जैका ५५ वर्षीय भेषबहादुर बिक, वर्ष ४७ कि श्रीमती सुन्तली बिक, वर्ष २२ कि बुहारी सीता बिक, वर्ष ८ कि जेठी नातिनि रचना बिकलाई लहरै दाहसंस्कार गरिएको छ ।

यस्तै ८ महिनाकी कान्छी नातिनिको भने जमिनमा गाडेर सदगत गरिएको हो । भारतमा रहेका भेषबहादुरका तीन छोराहरु आएर दागवत्ती दिएका थिए । दाहसंस्कार स्थलमा समवेदना प्रकट गर्न लुम्बिनी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री दिनेश पन्थी, मालिका गाउँपालिकासहित विभिन्न पालिका प्रमुख, उप-प्रमुख एवं अन्य जनप्रतिनिधिहरु सहभागी भएका थिए ।

जेठा छोरा विमल बिकले बाबुआमासहित श्रीमती र दुई छोरी पहिरोमा गुमाएका छन् । माइला छोरा सुवास बिककी श्रीमती रोजगारकै लागि भारतमै थिइन् । कान्छा छोरा कृष्ण बिक अविवाहित हुन् । रोजगारीको सिलसिलामा तीन छोरा र एक बुहारी भारतमा रहेका बेला यता पहिरोले पाँचै जनाको मृत्यु भएको हो ।







